# प्रदेश लोक सेवा आयोग

**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

**(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)**

## प्रदेश निजामती सेवाका सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. १५४।२०८१-०८२ प्रकाशित मितिः- २०८१।०८।२५

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ र ३३ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारले आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाइ मिति २०८१।०९।२९ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ। ज्येष्ठता गणना कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३५ बमोजिम हुनेछ।

दरखास्त फाराम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

## उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २० बमोजिम योग्य भएको र दफा ३० बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित विभागीय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नु पर्नेछ)।

२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र सेवाकालीन तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेशमा समायोजन भएको पत्र पेस गर्नुपर्ने।

५. जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सेवाकालीन तालिमको प्रमाणपत्र पेस गर्नुपर्ने।

६. बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि, सेवाकालीन तालिम र शैक्षिक योग्यता कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ बमोजिम हुनुपर्ने।

७. बढुवा सम्बन्धी अन्य व्यवस्था कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुने।

(क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | ०७।२०८१-८२ | वन अधिकृत, प्रदेश वन, जनरल फरेष्ट्री | १ |
| २ | ०८।२०८१-८२ | जनस्वास्थ्य अधिकृत, प्रदेश स्वास्थ्य, हे.ई. | १ |
| ३ | ०९।२०८१-८२ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | १ |

(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १०।२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| २ | ११।२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जिनियरिङ, सिभिल, बि. एण्ड आर्क. | १ |
| ३ | १२।२०८१-८२ | बागवानी विकास अधिकृत, प्रदेश कृषि, बागवानी | १ |
| ४ | १३।२०८१-८२ | वन अधिकृत, प्रदेश वन, जनरल फरेष्ट्री | २ |
| ५ | १४।२०८१-८२ | पुरातत्व अधिकृत, प्रदेश शिक्षा, पुरातत्व | १ |

**दरखास्त दस्तुरः-** रु. १२००।- (एक हजार दुई सय रुपैया मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** https://revenue.fcgo.gov.np/ पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शिर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

## (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

## स्थानीय सेवाका सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. १५५।२०८१-०८२ प्रकाशित मितिः- २०८१।०८।२५

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३१ र ३२ बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारले आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाइ मिति २०८१।०९।२९ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ। ज्येष्ठता गणना गर्दा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

## उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० र २९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नु पर्नेछ)।

२. दरखास्त फाराम पेस गर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम पेस गर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र सेवाकालीन तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहहरुमा समायोजन भएको पत्र पेस गर्नुपर्ने।

५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ को उपदफा (१) बमोजिमको सेवाकालीन तालिमको प्रमाणपत्र पेस गर्नुपर्ने।

६. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३२ बमोजिम हुने।

७. बढुवाको लागि आवश्यक पर्ने सेवाकालीन तालिम, न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्ने।

८. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम हुने।

**(क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १५।२०८१-८२ | लेखा अधिकृत, स्थानीय प्रशासन, लेखा | १ |
| २ | १६।२०८१-८२ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | १ |
| ३ | १७।२०८१-८२ | कृषि अधिकृत, स्थानीय कृषि, समूहकृत नहुने | २ |
| ४ | १८।२०८१-८२ | पशु विकास अधिकृत, स्थानीय कृषि, ला.पो.डे.डे. | १ |
| ५ | १९।२०८१-८२ | शिक्षा अधिकृत, स्थानीय शिक्षा, शिक्षा प्रशासन | १ |
| ६ | २०।२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्थानीय स्वास्थ्य, हे.ई. | १ |

**(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | २१।२०८१-८२ | लेखा अधिकृत, स्थानीय प्रशासन, लेखा | २ |
| २ | २२।२०८१-८२ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | २ |
| ३ | २३।२०८१-८२ | कृषि अधिकृत, स्थानीय कृषि, समूहकृत नहुने | २ |
| ४ | २४।२०८१-८२ | पशु विकास अधिकृत, स्थानीय कृषि, ला.पो.डे.डे. | १ |
| ५ | २५।२०८१-८२ | शिक्षा अधिकृत, स्थानीय शिक्षा, शिक्षा प्रशासन | २ |
| ६ | २६।२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्थानीय स्वास्थ्य, हे.ई. | १ |

**दरखास्त दस्तुरः-** रु. १२००।- (एक हजार दुई सय रुपैया मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** **https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शिर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

# प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा

## प्रदेश निजामती सेवा र स्थानीय सेवाका सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरुको आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. १५६।२०८१-०८२ प्रकाशित मितिः- २०८१।०८।२५

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनु पर्नेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवाका आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा मिति र समय आयोगको वेवसाइटमा पछि प्रकाशित गरिनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

### क. सातौं तहका अप्राविधिक पदहरु

| क्र.स. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पदपूर्ति किसिम/ समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ३०१/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| २ | ३०२/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | खुला | २ |
| ३ | ३०३/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | खस आर्य | १ |
| ४ | ३०४/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | दलित | १ |

### ख. सातौं तहका प्राविधिक पदहरु

| क्र.स. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पदपूर्ति किसिम/ समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ५१२/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| २ | ५१३/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | प्रदेश निजामती सेवा | खुला | १ |
| | | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | प्रदेश निजामती सेवा | खुला | १ |
| | | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | खुला | २ |
| ३ | ५१४/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | खस आर्य | १ |
| ४ | ५१५/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | दलित | १ |
| ५ | ५१६/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, बि.एण्ड आर्क. | प्रदेश निजामती सेवा | खुला | १ |
| ६ | ५१७/२०८१-८२ | इन्जिनियर, इन्जि., मेकानिकल, जनरल | प्रदेश निजामती सेवा | खुला | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ५१८/२०८१-८२ | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| ८ | ५१९/२०८१-८२ | बागवानी विकास अधिकृत, कृषि, बागवानी | प्रदेश निजामती सेवा | खुला | १ |
| | | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | प्रदेश निजामती सेवा | खुला | १ |
| | | कृषि अर्थ विज्ञ, कृषि, एग्री. इको एण्ड मा. | प्रदेश निजामती सेवा | खुला | १ |
| | | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | प्रदेश निजामती सेवा | खुला | १ |
| | | बाली विकास अधिकृत, कृषि, बाली विकास | प्रदेश निजामती सेवा | खुला | १ |
| | | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | खुला | ३ |
| ९ | ५२०/२०८१-८२ | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | खस आर्य | १ |
| १० | ५२१/२०८१-८२ | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | दलित | १ |
| ११ | ५२२/२०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| १२ | ५२३/२०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | खुला | २ |
| १३ | ५२४/२०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | खस आर्य | १ |
| १४ | ५२५/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेष्ट्री | प्रदेश निजामती सेवा | आ.अ.से.प्र. | १ |
| १५ | ५२६/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेष्ट्री | प्रदेश निजामती सेवा | खुला | ३ |
| | | जलाधार व्यवस्थापन अधिकृत, वन, स्वा.एण्ड वा.क. | प्रदेश निजामती सेवा | खुला | १ |
| | | सहायक अनुसन्धान अधिकृत, वन, फरेष्ट रिसर्च | प्रदेश निजामती सेवा | खुला | १ |
| १६ | ५२७/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| १७ | ५२८/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | खुला | ३ |
| १८ | ५२९/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | खस आर्य | १ |
| १९ | ५३०/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | दलित | १ |
| २० | ५३१/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | प्रदेश निजामती सेवा | आ.अ.स.प्र. | १ |
| २१ | ५३२/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय सेवा | आ.अ.स.प्र. | १ |
| २२ | ५३३/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | प्रदेश निजामती सेवा | खुला | १ |
| | | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय सेवा | खुला | २ |
| २३ | ५३४/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय सेवा | खस आर्य | १ |
| २४ | ५३५/२०८१-८२ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | प्रदेश निजामती सेवा | खुला | १ |
| २५ | ५३६/२०८१-८२ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | प्रदेश निजामती सेवा | खुला | १ |
| २६ | ५३७/२०८१-८२ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश निजामती सेवा | आ.अ.स.प्र. | १ |
| २७ | ५३८/२०८१-८२ | मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश निजामती सेवा | खुला | १ |
| २८ | ५३९/२०८१-८२ | रेडियोग्राफी टेक्नोलोजिष्ट, स्वास्थ्य, रेडियोग्राफी | प्रदेश निजामती सेवा | खुला | १ |
| २९ | ५४०/२०८१-८२ | वायोमेडिकल इन्जिनियर, स्वास्थ्य, विविध | प्रदेश निजामती सेवा | खुला | १ |

**परीक्षाको किसिमः–** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम, भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)।

**परीक्षा केन्द्रः–** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः–** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १०००।- (एक हजार रुपैया मात्र) बुझाउनु पर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर रु. ४००।– बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः–** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरूले तोकिएको Wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनोट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधिभित्र बुझाइ सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः–** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचरसहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**दरखास्तको माध्यमः–** विज्ञापित पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणालीमार्फत् दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः–** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण रुपमा जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः–** २०८१।०९।१५ सम्म र दोब्बर दस्तुर तिरी २०८१।०९।२२ सम्म।

**उम्मेदवारको उमेरको हदः–** २०८१।०९।१५ सम्म २१ वर्ष उमेर पूरा भइ ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (६) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (७) बमोजिमका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ प्रारम्भ हुँदाका बखत अविछिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई उम्मेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदाका बखत सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः–** सेवा, समूह उपसमूह सम्बन्धी।

**तलब, सेवा सर्त तथा सुविधाः–** प्रचलित कानुन बमोजिम।

## खुला, आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूहको लागि आवश्यक न्यूनतम योग्यताः

खुला प्रतियोगितात्मक परीक्षाको लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (३) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा ९ को उपदफा (३) र आन्तरिक अन्तर सेवा र आन्तरिक अन्तर समूहको लागि कर्णाली प्रदेश निजामति सेवा ऐन, २०८० को दफा ८ को उपदफा (८) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा ९ उपदफा (८) बमोजिम आवश्यक न्यूनतम योग्यता तथा अनुभव हुनुपर्नेछ र दरखास्त दिने उम्मेदवारले दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भइ म्याद कायम रहेको हुनु पर्नेछ।

१. **लेखा अधिकृत, स्थानीय प्रशासन, लेखा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा स्नातक वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण।

२. **इञ्जिनियर, इञ्जिनियरिङ, सिभिल, इरिगेसन/स्यानिटरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

३. **इञ्जिनियर, इञ्जिनियरिङ, मेकानिकल, जनरल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

४. **इञ्जिनियर, इञ्जिनियरिङ, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

५. **कृषि अधिकृत, बागबानी विकास अधिकृत, कृषि प्रसार अधिकृत, बाली विकास अधिकृत, बाली संरक्षण अधिकृत, कृषि, बागबानी, कृषि प्रसार, बाली विकास, बाली संरक्षणः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि. एस्सी. एग्री. वा सो सरह उत्तीर्ण गरेको।

६. **कृषि अर्थ विज्ञ, कृषि, एगृ इको एण्ड मार्केटिङ्गः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री. इकोनोमिक्स वा एग्री. विजनेश मुख्य विषय लिई बी.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण गरेको।

७. **पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी.(एनिमल साइन्स वा डेरी साइन्स) वा बि.टेक.(डेरी टेक्नोलोजी वा लाइभस्टक एक्सटेन्सन) वा बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण।

८. **वन अधिकृत, प्रदेश वन, जनरल फरेष्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

९. **जलाधार व्यवस्थापन अधिकृत, प्रदेश वन, स्वायल एण्ड वाटर कन्जरभेशन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इन्जिनियरिङ वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

१०. **सहायक अनुसन्धान अधिकृत, प्रदेश वन, फरेष्ट रिसर्च :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु/पार्क व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण।

११. **जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण।

१२. **मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक तह उत्तीर्ण।

१३. **रेडियोग्राफी टेक्नोलोजिष्ट, स्वास्थ्य, रेडियोग्राफी :** मान्यता प्राप्त शिक्षण संस्थावाट रेडियोग्राफीमा स्नातक तह वा सो सरह उत्तीर्ण।

१४. **फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी** : मान्यता प्राप्त शिक्षण संस्थावाट फिजियोथेरापी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

१५. **फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी** : मान्यता प्राप्त शिक्षण संस्थावाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

१६. **बायोमेडिकल इन्जिनियर, स्वास्थ्य, विविधः** मान्यता प्राप्त शिक्षण संस्थावाट बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक तह वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङ उत्तीर्ण।

१७. **शिक्षा अधिकृत, शिक्षा, शिक्षा प्रशासन** : मान्यता प्राप्त शिक्षण संस्थावाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

## आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह, खुला तथा समावेशी परीक्षाका लागि आवेदन दिदाँ ध्यान दिनु पर्ने विषयहरूः

(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ख) आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह प्रतियोगिता तर्फ दरखास्त दिन कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (८) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह प्रतियोगिता, खुला तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(घ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।

(ङ) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै समूह उपसमूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले सामूहिक परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि कार्यालयको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नु पर्नेछ। सामूहिक परीक्षणमा अनुपस्थित भएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा समावेश गराइने छैन।

(छ) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ। एउटै व्यक्तिले एक भन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले त्यस्ता समूहहरूमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्रै प्रतिस्पर्धा गर्न पाउनेछ।

(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। सामूहिक परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

(झ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको कार्यालयको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट सामूहिक परीक्षण तथा अन्तर्वार्ताको

लागि छनोट भएपछि सामूहिक परीक्षण तथा अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्तसाथ पेस नभएको पाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) खस आर्यको हकमाः राष्ट्रिय समावेशी आयोगबाट खस आर्यमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(ख) दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट दलित वर्गमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात।

**<u>द्रष्टव्यः-</u>**

(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्। तर स्थानीय स्वास्थ्य सेवाको समान तहको पदमा तोकिएबमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न बाधा पुग्ने छैन।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

(च) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(छ) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(ज) एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (५) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (६) निजले त्यस्ता समूहमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने छ।

(झ) दरखास्त पेस गर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट **<u>https://ppsc.karnali.gov.np/course</u>** बाट प्राप्त गर्न सकिनेछ।


**थप जानकारीका लागि**

**सम्पर्क नम्बरः** ०८३-५९०३०० र ०८३-५९०३०६

**Website:** ppsc.karnali.gov.np **Email:** ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np